आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
Aarambha Microfinance Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था

केन्द्रीय कार्यालय:
बनेपा-१०, काभ्रेपलाञ्चोक
फोन: ०११-६६४५७९
ईमेल: aarambhamicrofinance@gmail.com
वेबसाइट: www.aarambhamf.com.np

प.सं.आरम्भ मा. ४२८/२०७५/०७६

मिति : २०७५/०९/०२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा तथा बुक क्लोजको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७५/०८/२८ गते बसेको यस संस्थाको सञ्चालक समितिको १२६औं बैठकमा संस्थाको चौथो वार्षिक साधारण सभा २०७५ साल पौष महिनाको २४ गते मंगलबारको दिन सम्पन्न गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै, उक्त प्रयोजनका लागि मिति २०७५/०९/१२ देखि मिति २०७५/०९/२३ सम्म शेयरधनी दर्ता किताब बन्द (बुक क्लोज) गर्ने निर्णय समेत भएको र सो सम्बन्धी विस्तृत सूचना संलग्न बमोजिम मिति २०७५/०९/०२ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

संलग्न : चौथो वार्षिक साधारण सभाको सूचना ।

धन्यबाद ।

भवदीय

सुवासमणी बस्ताकोटी
**कम्पनी सचिव**

**बोधार्थ :**

१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
२. श्री सीडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
३. श्री एन.आइ.सी एसिया क्यापिटल, बबरमहल, काठमाण्डौं ।

# आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय : बनेपा–१०, काभ्रेपलाञ्चोक

## चौथो बार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०९/०२

आदरणीय शेयरधनी महानुभावहरु,

यस संस्थाको सञ्चालक समितिको मिति २०७५ साल मंसीर २८ गते (तदनुसार १४, डिसेम्बर २०१८) शुक्रबार बसेको सञ्चालक समितिको १२६ औं बैठकको निर्णयानुसार यस संस्थाको चौथो बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

मिति २०७५/०९/०२ गते अभियान राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित

### सभा हुने मिति, स्थान र समय

- मिति : २०७५ साल पौष २४ गते, मंगलबार (तदनुसार ८, जनवरी २०१९)
- स्थान : पञ्चकन्या बेन्क्वेट् प्रा.लि.,
  बनेपा न.पा. ८, पुलबजार, काभ्रेपलाञ्चोक
- समय : बिहान ११:०० बजे ।

### छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु

**(क) सामान्य प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.ब. २०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्त सम्मको वासलात तथा सोहि मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को नाफा–नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत्सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम सञ्चालक समितिबाट र कम्पनी रजिष्ट्रारको कार्यालयबाट आर्थिक बर्ष २०७४/०७५ को लागि लेखापरीक्षक नियुक्त हुनुभएका प्रवीण बराल, बि.पी. एसोसियटस्, चार्टड एकाउन्टेन्ट्सको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने ।

४. संस्थाको आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थाको सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फबाट २ जना सञ्चालकको चयन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

६. सञ्चालक समितिको निर्णय बमोजिम संस्थाको पूँजी वृद्धि गर्नको लागि शेयर धनीको नाममा हाल कायम जारी तथा चुक्ता पूँजी रु. ६,००,००,०००/– (अक्षरुपी छ करोड मात्र) मा १०:७ (अर्थात १० कित्ता शेयर बराबर नयाँ ७ कित्ता) को दरले हकप्रद शेयर जारी गर्न स्वीकृत प्रदान गर्ने, हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई माथिल्लो पूर्ण अंकमा निवेदन दिन पाउने गरी जारी गर्ने र यसरी जारी गर्दा चुक्ता पूँजी वृद्धि हुने भएमा आगामी वार्षिक साधारणसभाबाट सो अनुमोदन गराउने गरी नेपाल धितोपत्र बोर्डमा थप धितोपत्र दर्ता गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने । साथै हकप्रद शेयर जारी गर्दा आई पर्ने सम्पूर्ण कार्यहरुका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

७. संस्थाको नाम, ठेगाना संशोधन सहित प्रबन्धपत्रको दफा १, दफा २, दफा ३, दफा ४ (१), दफा ५, दफा ६ (ख) दफा ६ (ज), दफा ११ (६),(१३), दफा (१२), दफा १४ संशोधन गर्ने ।

८. संस्थाको नाम, ठेगाना संशोधन सहित नियमावलीको नियम १, नियम २, नियम ३ (क),(छ) र (ड), नियम २७ (२), नियम २९ (१),(२) र (३) संशोधन गर्ने ।

९. संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधन विषयमा नियमनकारी निकायबाट कुनै विषयमा संशोधन वा परिमार्जन वा थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेतलाई मिलाई संशोधन वा परिवर्तन गर्नु परेमा आवश्यकता अनुरुप संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध:**

सञ्चालक समितिका आज्ञाले,
कम्पनी सचिव

### चौथो वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. साधारण सभा प्रयोजनको लागि २०७५ पौष १२ गते देखी २०७५ पौष २३ गते सम्म शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७५ पौष १२ गते भन्दा अघिल्लो दिन सम्म कारोबार भई प्रचलित कानुन बमोजिम नामसारीको लागि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौमा पेश गरि सक्नुपर्नेछ ।

२. चौथो वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ ।

३. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि सभा सञ्चालन हुन्जेल सम्मको लागि खुल्ला रहनेछ ।

४. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा संस्थाको केन्द्रीय कार्यालय, बनेपा न.पा.–१०, काभ्रेपलाञ्चोकमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पुर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभक्त नहुने गरी) हुने गरी प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०७५ पौष २२ गते बिहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ ।

६. कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुने छ । त्यसपछि आउने प्रोक्सी स्वत: बदर वा अमान्य हुनेछ ।

७. विक्षीप्त/नाबालक शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

९. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव